दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक २२७ | बुटवल | २०८२ साउन २७ गते, मंगलबार | नेपाल संवत ११४५ | Tuesday August 12, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## नेपालगञ्ज–नयाँ दिल्ली सिधा हवाई उडानमा पहल

बुटवल। प्रधानमन्त्री केपी शर्मा ओली तथा परराष्ट्रमन्त्री डा.आरजु राणा देउवा समक्ष बाँके र बर्दियाका जनप्रतिनिधि र उद्योगी-व्यवसायीले नेपालगन्ज-नयाँ दिल्ली सिधा हवाई उडानका लागि ध्यानाकर्षण गराइएको छ।

प्रधानमन्त्री निवास, बालुवाटारमा भएको भेटमा नेपालगञ्ज विमानस्थलमा आवश्यक पूर्वाधार विकास भइसकेकाले पश्चिम नेपालको ३२ जिल्लाको हवाई सुविधा र व्यावसायिक श्रीवृद्धिका लागि नेपालगञ्ज-नयाँ दिल्ली सिधा हवाई सेवा सञ्चालनको माग गरिएको हो । मागपत्र बुझेपछि प्रधानमन्त्री ओलीले आफू यसका लागि सकारात्मक रहेको र भारत सरकारसँग छलफल गरिने विश्वास दिलाए । उनले नेपालगन्ज विमानस्थलको धावनमार्ग थप विस्तार र जमिन संरक्षणलगायत काममा चासो दिन आग्रह गरे।

परराष्ट्रमन्त्री डा.आरजु राणा देउवाले नेपालगञ्ज र भारतको नयाँदिल्ली सिधा उडानका लागि आफूले सक्दो पहल गर्ने बताएकी छिन्। नेपालगञ्ज दिल्ली उडानका लागि पहल गरिदिन आग्रह गर्दै मन्त्रालयमा आएका बाँकेका प्रमुख राजनीतिक दलका नेता, सङ्घीय संसदमा प्रतिनिधित्व गर्ने बाँके र बर्दियाका सांसद, उद्योगी व्यवसायी, नागरिक समाजका प्रतिनिधि एवं अन्य सरोकार भएकाहरूसँग उनले सो प्रतिबद्धता व्यक्त गरेकी हुन्। मन्त्री डा.राणाले भनिन्- 'सो उडानका लागि मैले पहिलेदेखि नै पहल गरिआएकै छु। नेपालगञ्ज दिल्ली उडानको एजेण्डालाई हामी प्राथमिकतामा राखेका छौँ। यो उडानले नेपाल र भारतलाई नै पारस्परिक लाभ पुग्ने र कनेक्टिभीटी जति बढाउन सक्यौँ त्यति धेरै नेपाललाई फाइदा पुग्ने भएकाले म यो उडानका लागि लागिपर्नेछु।'

उनले नेपाल र भारतका बिचमा कनेक्टिभिटी बढाउन सक्दा मात्र पर्यटन, पारवहन, उद्योग व्यापार तथा जनसम्पर्कलगायतमा वृद्धि हुने र यसबाट दुवै पक्षलाई लाभ पुग्ने बताइन्। यो उडानले पश्चिम नेपालको अर्थतन्त्रमा उल्लेख्य योगदान पुग्ने र त्यस क्षेत्रको मुहार नै फेरिने बताउँदै मन्त्री डा.राणाले नेपालगञ्जमा पनि होटललगायतका आवश्यक पर्यटन पूर्वाधारहरू बनिसकेकाले नेपालगञ्ज दिल्ली उडानका लागि आफू गम्भीरताका साथ लाग्ने जनाइन् । प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न भारत भ्रमणमा यस विषयलाई प्राथमिकताको एजेण्डाका रुपमा समावेश गरिदिन बाँके र बर्दियाका उद्योगी व्यवसायी तथा राजनीतिक दलसहितको सर्वपक्षीय टोलीले आज मन्त्री डा.राणालाई भेटेर सो आग्रह गरेको हो।

उनीहरूले नेपालगञ्जलाई 'मानसरोवर गेटवे' का रूपमा स्थापित गर्नका लागि नेपालगञ्ज-दिल्ली सिधा उडान अपरिहार्य रहेको बताउँदै यसबाट सुदूरपश्चिम, कर्णाली र लुम्बिनी प्रदेशका करिब २५ जिल्लाका बासिन्दालाई प्रत्यक्ष लाभ पुग्ने उल्लेख गरेका थिए।

उनीहरूले सो विमानस्थलबाट प्रतिघन्टा ६०० यात्रुलाई सेवा दिन सकिने र यस उडानका लागि आवश्यक सबै पूर्वाधारहरू निर्माण पनि भइसकेका जानकारी गराएका थिए।

## घुस रकमसहित सशस्त्र प्रहरी जवान अख्तियारको नियन्त्रणमा

भैरहवा। घुस लिएको रकमसहित सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट मझगावामा कार्यरत सशस्त्र प्रहरी जवानलाई अख्तियार दुरुपयोग अनुसन्धान कार्यालयको टोलीले नियन्त्रणमा लिएको छ।

आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलका अनुसार रुपन्देही, कोटहीमाई गाउँपालिका वडा नं. ५ मझगावामा कार्यरत सशस्त्र प्रहरी जवान यामबहादुर खत्रीले सीमा पारी भारतबाट भन्सार छली अवैधरुपमा कपडा तथा किराना सामान ल्याउने कार्यमा सहजीकरण गरिदिने भनी सेवाग्राहीसँग घुस/रिसवत माग गरी लिइसकेको अवस्थामा नियन्त्रणमा लिएको हो।

सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवलबाट खटिई गएको टोलीले खत्रीलाई सेवाग्राहीबाट रु.१५,०००।- (पन्ध्र हजार रुपैयाँ) घुस/रिसवत लिइसकेको अवस्थामा कोटहीमाई ५ मर्चवारबाट नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको आयोगले जनाएको छ।

# रवि थुनामै रहने

**धरौटीमा रिहा हुने अपेक्षासहित गरेको निवेदन जिल्ला अदालत रुपन्देहीले अस्वीकार गरेसँगै रवि लामिछाने कारागारमै बस्नेछन्। रुपन्देही जिल्ला कारागारमा रहेका उनको अवस्था बुझ्न मानवअधिकार आयोग पुगेको छ। रवि बस्ने कोठाको झ्यालको प्लाई हटाउन आयोगले निर्देशन दिएको छ।**

**आचार्य प्रदीप**
*बुटवल*

थुनामा रहेका रास्वपा सभापति रवि लामिछानेलाई थुनामुक्त गर्न अदालतले अस्वीकार गरेको छ । जिल्ला अदालत रुपन्देहीका न्यायाधीश नारायणप्रसाद सापकोटाको इजलासले यस्तो आदेश गरेको हो।

लामिछानेले सुप्रिम सहकारी ठगी मुद्दामा बिगो सकारेर साधारण तारिख माग गर्दै दायर निवेदन रुपन्देही जिल्ला अदालतले अस्वीकार गरेको हो।

न्यायाधीश सापकोटाको इजलासले आफ्नो भागको बिगो सकारेर थुना बाहिर बस्ने रविको मागबमोजिम नहुने आदेश गरेको हो । लामिछानेलाई सुप्रिम ठगी तथा संगठित अपराधको अभियोगमा रुपन्देही जिल्ला अदालतकै न्यायाधीश वशिष्टकुमार घिमिरेको इजलासले एक करोड धरौटी हुने आदेश गरेको थियो।

अदालतको उक्त आदेशको स्वागत गरेका लामिछाने ७३ नम्बरको निवेदनसहित आदेश बदर गरी साधारण तारेख माग गर्दै उच्च अदालत गएका थिए।

उच्च अदालत तुलसीपुरको बुटवल इजलासले चैत २२ को पुर्पक्षका लागि थुनामा पठाउने आदेश गरेको थियो। त्यसयता उच्चको आदेश बदर माग गर्दै सर्वोच्चमा पुनः ७३ नम्बरको निवेदन दिएका थिए।

सर्वोच्चबाट समेत उच्चको आदेश सदर भएर थुनामा रहेका लामिछानेले यही साउन १९ मा पुनः जिल्ला अदालतमै सहकारी ऐनको दफा १३१(क) बमोजिम बिगो तिरेर साधारण तारिख माग गर्दै निवेदन दिएका हुन्।

लामिछानेले दिएको निवेदनमा उक्त कानुन आफ्नो हकमा आकर्षित नहुने भए पनि बिगोका लागि दुई करोड ८४ लाखको बैंक ग्यारेन्टि पेश गरेको उल्लेख गरेका छन् । लामिछानेले दाबी गरेको दफा १३१ को उपदफा २ ले संगठित अपराध, सम्पत्ति शुद्धीकरणसहितका अभियुक्तलाई मिलापत्र गर्न प्रतिबन्धत्र लगाएको छ। लामिछानेविरुद्ध रुपन्देहीमा सहकारी ठगी र संगठित अपराधको अभियोग छ।

न्यायाधीश सापकोटाको इजलासमा भएको बहसमा रविको पक्षबाट नारायण कँडेल, महेन्द्र पाण्डे, राजेन्द्र थापाले बहस गरेका थिए।

## कारागारबाट एसी गायब



रूपन्देही कारागारको बल्क नम्बर ४ मा रहेको रवी लामिछाने बस्ने कोठाको छतमा रहेको एसीको आउटडोर, यो अहिले हटाइएको छ।

भैरहवा। रवि लामिछानेको कारागार बसाईका बारेमा अनेक टिप्पणी भइरहेका बेला उनी एसी सुविधासहित बसेको समाचार सार्वजनिक भयो । हामीले पनि एसीको सुविधासहित बसेको समाचार प्रकाशन गर्‍यौं।

समाचार सार्वजनिक भएपछि कारागार प्रशासनले शनिबार राति एसी हटाएको पाइएको छ। कारागार प्रमुख सुरेश भण्डारीले अप्ठारो परेको भन्दै एसी सुविधा हटाएका थिए । एसी सुविधा हटेपछि राष्ट्रिय मानवअधिकार आयोगसहित मानवअधिकारकर्मीको टोलीले अनुगमन गर्दा एसी थिएन् । कोठामा दुई पंखा, टेबुल, कुर्सीलगायत सामग्री थिए। उनले आयोगको टोलीलाई खान र बस्नको समस्या नभएको बताएका थिए । उनले स्वच्छ हावामा हिंड्डुल गर्न नपाएको गुनासो गरे।

लामिछाने बस्ने कोठाको क्षेत्रफल ४२० स्क्वायर फिट छ । कोरोनाको समयमा संक्रमितहरुलाई छुट्टै राख्नको लागि बनाइएको कोठामा अहिले रविलाई राखिएको कारागार प्रशासक सुरेश भण्डारी बताउँछन्।

मानवअधिकार आयोगले गरेको अनुगमनमा सहभागी मानवअधिकार आयोग र अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) रुपन्देही प्रतिनिधि रिमा बिसीकाअनुसार लामिछानेको कोठाको झ्यालमा प्लाइउड राखिएको छ। उनी बस्ने कोठाको भूइँमा निलो रंगको कार्पेट बिछ्याइएको छ।

अनुगमनका क्रममा लामिछानेले आफ्ना कपडा भित्रै सुकाउने गरेको तथा कोठाबाट कपडा नसुकेको गन्ध आएको बिसीले बताइन् । उनले भनिन् -'जिप्सन लगाइएको कोठामा एउटा ठुलो फलामको पंखा बिहेको पार्टीमा हुनेजस्तो छ। अर्को स्ट्यान्ड पंखा छ।'

रविको कोठामा अट्याच शौचालय भए पनि खुला रहेको उनले बताइन्। 'अट्याच शौचालय छ, तर पूरा गारो छैन, हल्का मात्रै गारो लगाइएको छ।'

इन्सेक रुपन्देही प्रतिनिधि बिसीका अनुसार अहिले रबि बसेको रुममा समाचारको लागि एउटा रेडियो रहेको छ। एउटा पलङ छ। एउटा टेबुल र कुर्सी छ। जसमा पढ्ने पुस्तकहरु रहेका छन्।

'रविजिको कोठामा सञ्चार हक भनेर एउटा रेडियो राखिएको छ । टेलिफोनलगायत उपकरण हामीले अनुगमनका क्रममा केही पनि देखिएन । पत्रपत्रिका ठ्याक्कै कारागारले उपलब्ध गराउने भन्ने हैन रहेछ। जुनसुकै पत्रिका मगाउनुभयो भने उहाँले पढ्नलाई त्यस्तो अप्ठेरो चाहिँ छैन,' उनले भनिन्-'कोठामा एउटा लोबेड छ । तर त्यो रविजी अटाउनुहुन्छ जस्तो छैन। लम्बाइ सानो छ। अनी कोठाको कुनाको भागतिर टेबलमा रविजिले पढ्ने पुस्तकहरु राखिएका छन्।'

**कस्तो छ रुपन्देही कारागार**

रुपन्देहीको भैरहवास्थित जिल्ला कारागार कार्यालयमा अहिले ६ सय २८ कैदी छन् । दुई सय ५० कैदी क्षमताको यस कारागारमा दोब्बर बढी कैदीहरु रहेको कारागार प्रशासक सुरेश भण्डारी बताउँछन् । रुपन्देहीको भैरहवास्थित जिल्ला कारागार कार्यालयमा क्षमताभन्दा तीनगुण कैदीबन्दी राखिएको छ।

'तराईको चर्को गर्मी, क्षमताभन्दा बढी कैदीबन्दी व्यवस्थापनसँगै अन्य झैझगडाका चुनौतीहरु छन्', उनले भने-'अहिलेसम्म अप्रिय घटना त भएको छैन। तर, चुनौतीका चाङ भने छन्।'

९२ वर्षअघि निर्माण भएको कारागारको भौतिक संरचनाले थेग्न नसक्नेगरि कैदी, बन्दी र थुनुवाको चाप हुँदा तराईंको चर्को गर्मीमा विभिन्न रोगका संक्रमण हुने जोखिम समेत छ। सुत्ने ठाउँ र शौचालयको समस्या उस्तै छ। यहाँ जम्मा १६ वटा मात्रै शौचालय छन्।

टिनका पाताहरु चुहिन्छन्। घर्मी छल्न टीनमाथि खरले छाइिएको छ।

» *बाँकी ३ पेजमा*

# तानसेनको सडकमा रोपाइँको झल्को



**कृष्ण पोखरेल**
*पाल्पा*

गाउँघरमा गरिने असारे रोपाइँको झल्को दिने गरी पाल्पा तानसेनमा रोपाइँजात्रा निकालिएको छ। गाउँघरमा रोपाइँ सकिएपछि मनोरञ्जनको साथै शहर बजारमा रोपाइँ गर्ने तरिका प्रदर्शन गरी रोपाइँजात्रा निकालिने गरिन्छ । तानसेनको साँस्कृतिक परम्परा जोगाउन देववाणी संस्कृत तथा साधारण माध्यमिक विद्यालय र तानसेन नगरपालिका वडा नं. ७ ले तानसेनमा रोपाइँजात्रा प्रदर्शन गरेको छ । देववाणी माविले पहिलो पटक विद्यालयका विद्यार्थी, शिक्षक, अभिभावक मिलेर पञ्चेबाजा र असारे गितको तालमा धान रोप्ने, हल गोरुले सडकमा जोत्ने, बाउसेले खेत मिलाउने र असारे गित गाउँदै तानसेनका सडकमा रोपाइँ जात्रा देखाएको छ।

विद्यालयले रोपाइँमा गरिने सम्पूर्ण गतिविधिहरु प्रदर्शन गरी गतिलो उदाहरण दिएको छ।

रोपाइँजात्रामा जनप्रतिनिधि, प्रशासन, सुरक्षा निकायहरुले साथ दिएका छन् । बालबालिकाहरुलाई धान खेतीसम्बन्धी जानकारी दिलाउन, विगतको कला संस्कृती र परम्परा जोगाउन विद्यालयले रोपाइँजात्रा प्रदर्शन गरेको देववाणी माविका प्रधानाध्यापक कृष्णबहादुर थापाले बताए।

विगतका वर्षहरुमा धरमपानी, बराङ्दी र सापाखुम टोलविकास संस्थाले रोपाइँजात्रा निकाले पनि यस वर्ष देववाणी संस्कृत तथा साधारण मावि र तानसेन नगरपालिका वडा नं. ७ ले मात्र रोपाइँजात्रा प्रदर्शन गरेका छन् । मल्लकालीन समयदेखि नै तानसेन नगरसँग जोडिएका ग्रामीण भेगका किसानहरुले गाईजात्राको अर्को दिन रोपाइँजात्रा सञ्चालन गर्ने प्रचलन रहेको छ। परम्परादेखि चल्दै आएको कला संस्कृतिलाई जोगाउन सबै पक्षको सहयोग जरुरी रहेको संस्कृतिकर्मी बुद्धिप्रसाद शर्माले बताए।

विगतका समयमा तानसेन नगरपालिकामा विभिन्न स्थानबाट चारदेखि पाँच वटा रोपाइँजात्रा प्रदर्शन हुने गरेका थिए। यस वर्ष तानसेनमा दुई वटा समूहले मात्र रोपाइँजात्रा सञ्चालन गरेको वडा नं. ७ का वडाध्यक्ष प्रदिप खनालले बताए। रोपाइँजात्रा निकाल्न निकै खर्चिलो र जनशक्ति बढी चाहिने भएकोले कठिन हुँदै गएको वडाध्यक्ष खनालले बताए। तानसेन विभिन्न जात्रा तथा कला संस्कृतिको धनी मानिए पनि पछिल्लो समय विविध कारणले लोप हुँदै गएको छ।

यस वर्ष तानसेन नगरपालिकाले प्रति रोपाइँजात्रा वापत ५० हजार रुपैयाँ सहयोग गर्ने तानसेन नगरपालिकाका प्रमुख सन्तोषलाल श्रेष्ठले बताए । पर्यटकीय नगरको रुपमा परिचित तानसेनको मौलिक कला संस्कृति लोप हुन नदिन सबैको सहयोग सहकार्य, समन्वय हुन जरुरी देखिन्छ।

घरेलु तथा साना उद्योग कार्यालयको नविकरण टोली आउने बारे
उद्योगीज्यूहरुलाई जरुरी सूचना

घरेलु तथा साना उद्योग कार्यालय रूपन्देहीमा दर्ता भई संचालन हुँदै आएका उद्योगहरुको नियमित नविकरणका लागि विगतका वर्षहरुमा जस्तै यस वर्ष पनि घरेलु तथा साना उद्योग कार्यालय रुपन्देहीबाट तल उल्लेखित समयमा नविकरण टोली आउने भएको हुँदा ५ लाख भन्दा बढी कूल पूँजी भएका उद्योगहरुले रुपन्देही उद्योग संघको कार्यालयमा समयमै उपस्थित भई नविकरण गराउनु हुन हार्दिक अनुरोध गर्दछौं ।

आवश्यक कागजातहरु
१) निवेदन
२) कर चुक्ता ( २०८१/२०८२ वा २०८०/०८१)
३) सक्कल प्रमाण पत्र
४) प्रा.लि.को हकमा १ करोड भन्दा बढी पूँजी भएका र साझेदारी फर्महरुको हकमा २० लाख भन्दा बढी कारोबार भएका उद्योगहरुको अडिट रिर्पोट।

नविकरण टोली आउने मिति
मिति : २०८२/०४/३० गते शुक्रवार
समय : बिहान १०:०० बजेदेखि
स्थान : संघको सचिवालय, बुटवल-४

रूपन्देही उद्योग संघ
सम्पर्क नं ०७१-५३००४६, ५३६०४५

दैनिक लुम्बिनी

सम्पादकीय

## दोषीलाई कानुनी कारबाही र सदस्यको पैसा फिर्ता हुनुपर्छ

रूपन्देहीको तिलोत्तमा–३ स्थित डिङ्गरनगर दुरगामी बहुउद्देश्यीय सहकारी संस्थामा अध्यक्षसहित सञ्चालक समितिले मनपरी ऋण प्रवाह र हिनामिना गरेको प्रारम्भिक प्रतिवेदन तयार भएको छ।

प्रतिवेदनअनुसार ८ करोड रुपैयाँ सञ्चालक समितिबाट अनियमितता भएको, १२ करोड रुपैयाँ हिनामिना गरेको, २५ करोड रुपैयाँ अपचलन र ८५ करोड रुपैयाँ नीतिगत अपचलन भएको प्रतिवेदनले सहकारी संस्थामा भइरहेको मनपरी पुष्टि भएको छ। सहकारीका सदस्यले हिनामिना भएको भन्दै बचत रकम फिर्ता गर्न माग गर्दै भीड लाग्न थालेपछि अध्यक्ष घनश्याम तिवारी र सचिव रामबहादुर थापा फरार भएपछि उनीहरुले सहकारीको रकम हिनामिना गरेको आशंकालाई बल पुगेको थियो। सहकारीका व्यवस्थापक बसन्त पराजुलीलाई प्रहरीले पक्राउ गरी आवश्यक अनुसन्धान गरी तारेखमा रिहा गरेको छ। व्यवस्थापक पराजुलीले ४ करोड ७० लाख रुपैयाँ अनियमितता गरेको लेखापरीक्षण प्रतिवेदन तयार भएको छ। उनीसँग ब्याजसहित ४ करोड ८० लाख ९७ हजार रुपैयाँ असुल्नुपर्ने प्रतिवेदनमा उल्लेख छ। लेखापरीक्षण प्रतिवेदनअनुसार सहकारीले विभिन्न व्यक्तिका नाममा ३४ करोड ७ लाख ५५ हजार रुपैयाँ गैरकानुनी ऋण प्रवाह गर्दा ९ करोड २८ लाख ३० हजार रुपैयाँ बराबरको धितो राखेको छ।

सहकारी सञ्चालकहरु बेलगाम भएपछि सदस्यहरुको बचत जोखिममा परेको छ। उनीहरु आफैंले गैरकानुनी ढंगले ऋण लिए, अरुलाई प्रक्रिया पूरा नगरी ऋण दिए। सहकारीको सदस्य नभएका र ऋण प्रवाह गर्नकै लागि सदस्य बनाएर ऋण दिनु सहकारी ऐनविपरीत काम हो। सहकारीको मर्मविपरीत अध्यक्ष १७ वर्षदेखि एउटै व्यक्ति हुनुले सहकारीमा अपचलन भयो। निरन्तर एउटै व्यक्ति अध्यक्ष गराउन सहकारीका सदस्यले देखाएको सदासयताले पनि काम गऱ्यो। सहकारीमा सदस्यको समान भूमिका हुन्छ, उनीहरुले नियन्त्रण र निगरानी गर्न सक्छन्। यद्यपी धेरै सहकारी संस्थामा सीमित केही व्यक्तिले नियन्त्रणमा राख्ने प्रवृत्तिले समस्या परेको छ।

सहकारीका २ हजार बचतकर्ताको रकम बैंकमा जम्मा नगरी अध्यक्ष, सचिव र व्यवस्थापकको मिलेमतोमा निजी खातामा जम्मा गरेको, ऋण नलिएको व्यक्तिको नाममा ऋण देखाइएको र विना धितो ऋण प्रवाह गरिएको भेटिएकोले अध्यक्ष तिवारीसहितका व्यक्तिहरु दोषी छन्। यो प्रतिवेदनका आधारमा प्रहरीलाई अनुसन्धान प्रतिवेदन तयार गरी मुद्दाको अभियोजन गर्न सहज हुनेछ। यो सहकारीमा भएको अपचलनले स्थानीय व्यक्ति सञ्चालक भएको सहकारीमा हिनामिना हुँदैन भन्ने विश्वास तोडिएको छ। अब दोषीलाई कानुनी कारबाही प्रक्रिया जति छिटो गर्न आवश्यक छ, सहकारीका सदस्यको रकम फिर्ता गर्न पनि ढिलाइ गर्न हुन्न।

# खर्चिला चाडबाड, भड्किला व्यवहार !



नगेन्द्रराज पौडेल

उच्च मानवीय संवेदना यहाँनेर देखिन आवश्यक छ। हुनेले नहुनेलाई दिने हाम्रो वैदिक सनातन संस्कृति नै हो। यसलाई जोगाउन जरुरी छ। सरसापट, ऐंचोपैंचो र सहयोग हाम्रो जीवनशैली नै हो, यसलाई बचाउनुपर्छ। यसका लागि ऐन, कानुनका ठेलीभन्दा पनि हाम्रो आफ्नै जीवनशैली र कार्यव्यवहार बढी जिम्मेवार हुन्छ।

हाम्रो प्रचलनमा नागपञ्चमी (श्रावण शुक्लपञ्चमी)देखि हिउँद र वसन्तपञ्चमी (माघ शुक्ल पञ्चमी)देखि 'बर्खा लाग्छ' भन्ने गरिन्छ। त्यसो त, साउने र माघे संक्रान्ति पनि मौसम र चाडबाडसँग सरोकार राख्ने गर्छन्। नागपञ्चमी हिउँदको मात्र नभएर चाडबाड आएको संकेत गर्ने पर्व पनि हो।

यसपटक पनि चाडबाडले नेपाली समाजलाई ढपक्क ढाक्नै लागेको छ। तीज आउनु कहाँ हो कहाँ ? तिजेगीत छ्यापछ्याप्ती भएका छन्। विभिन्नखाले पर्वमा गरिने विशेष प्रकारका उत्सवको आफ्नै मौलिकता छ। पर्व र सामाजिक संस्कारको पृथक परम्परा र ऐतिहासिक महत्त्व पनि छ। तर पनि व्यवहारमा आजकल त्यो क्रमशः हराउँदै गएको देखिन्छ। हरेक पर्व विकृति, विसंगति र खर्चिला बनेर मनाउने प्रचलनका कारण तिनको मौलिकपनामा क्रमशः ह्रास आउँदै गरेको देखिन्छ। ती पर्व र चाडबाड आजकल बढी देखावटी, उत्ताउला र भड्किला बन्दै गएका छन्। यसले गर्दा हुनेखानेभन्दा 'हुँदा खाने'लाई बढी सकस परेको देखिन्छ।

हामीले सम्पन्न गर्ने मांगलिक कार्य आपसी एकताको माध्यम पनि हो। हाम्रो सामाजिक मनोविज्ञान संस्कृतिप्रेमी छ। सांस्कृतिक गतिविधिमा रमाउन पाउँदा हामीलाई आनन्द पनि लाग्छ। विवाह, व्रतबन्ध, मेला-महोत्सवजस्ता अवसरमा भोजभतेर र नाचगान पनि गरिन्छ। यी सबैका राम्रा पक्ष होलान् तर त्यस्ता अवसरमा 'ऋणं कृत्वा, घृतम् पिवेत' भनेझैं चन्दा मागेर वा ऋण गरेरै भए पनि तडकभडक प्रदर्शन गर्ने प्रवृत्ति बढ्दो छ। विवाहमा आमन्त्रण गरिने असीमित संख्या, यसमा प्रदर्शन गरिने तडकभडक र महँगो भोजभतेरका कारण कमजोर आर्थिक पृष्ठभूमि भएका व्यक्ति नराम्रोसँग प्रभावित हुने गरेको पाइन्छ।

सकेरभन्दा पनि नक्कल गरेर, पालाको पैंचो तिर्न भनेर र सन्ततिको मनोविज्ञानमा 'हाम्रो परिवार पनि कमजोर छैन' भन्ने पार्नका लागि विवाहलगायत उत्सव तथा समारोहलाई हामी जबर्जस्ती महँगो बनाइरहेका छौं। कतिपय अवस्थामा विवाह गर्ने उमेर पुगेका छोराछोरी र आफ्नो आर्थिक हैसियतमा तालमेल मिलाउन नसकेर विवाहका लागि घरघडेरी नै बेच्नुपर्ने बाध्यात्मक अवस्था पनि आएको देखिन्छ। अहिले 'आफ्नो हैसियतभन्दा बढी खर्च गर्नुहुन्न' भन्नेमा सबैको मतैक्यता भए पनि यो सन्देश व्यवहारमा कार्यान्वयन हुन सकेको छैन। बरु, पञ्चायतकालमा सामाजिक व्यवहार सुधार ऐन, २०३३ ले विवाहमा 'फजुल खर्च गर्न नपाइने र ५१ जनाभन्दा बढी जन्ती लान नपाउने' थिति बसालेको थियो। यद्यपि, यसको सफल कार्यान्वयन भने त्यतिबेला पनि हुन सकेको थिएन। आज पञ्चायत त छैन तर सो ऐन भने जिउँदै छ। ऐन कार्यान्वयन खाँचो छ।

हाम्रा सामाजिक पर्वको मौलिकता जीवित राख्नका लागि तडकभडक र आडम्बर प्रदर्शन आवश्यक छैन। विवाहको अनिवार्य प्रक्रिया सबैले स्विकारे पनि यसका देखासिकी प्रवृत्ति र नकारात्मक पक्षमा सुधार तथा नियन्त्रण आवश्यक देखिन्छ। अन्यथा, धेरै सन्तानका अभिभावकले छोराछोरीको विवाहमा जमिन बेच्दाबेच्दै अन्ततः आफैं सुकुमबासी बन्नुपर्ने स्थिति नआउला भन्न सकिन्न। अघोषित रूपमा अझै पनि जीवितै रहेको दाइजो प्रथाले नेपाली समाज नराम्रोसँग प्रताडित छ। तराई र मधेशी समुदायमा त दाइजो प्रथाले सीमा नै नाघेको छ। त्यहाँ आज पनि कयौं बुहारी दाइजो नल्याएबापत मृत्युवरण गर्न बाध्य छन्। विवाह उठान नै त्यहाँ 'तिलक वा दाइजो'को सौदाबाजीबाट सुरु भई यसको मात्रामा गएर बैठान हुन्छ।

यति मात्र होइन, गर्भावस्थामा माइतीपक्षले मनाइदिने सावर, विवाहको वर्षगाँठमा मनाइने विवाहोत्सव, जन्मदिनमा गरिने भोजभतेरलगायतले हाम्रो समाज कता जाँदै छ ? सोच्नुपर्ने भएको छ। हुनेलाई त खर्च गर्ने निहुँ चाहिएको छ। यही बहानामा खर्च गर्लान्, नसक्नेले उसको पैंचो कसरी तिर्ने ? कहिले तिर्ने ? कि सधैंभर अर्काकोमा गएर खाने आफ्नोमा अरूलाई कहिल्यै आमन्त्रण नगर्ने ? यसो गर्दा दोस्रोथरी परिवारका अन्य सदस्यको मनोविज्ञानमा कस्तो प्रभाव पर्ला ? बालबालिकामा कस्तो छाप पर्ला ? यसकारण कतिपय वैयक्तिक व्यवहारलाई सामाजिकीकरण गर्दा ख्याल गर्नुपर्छ। आफ्ने परिवारभित्र बसेर जेजे गरे पनि हुन्छ। तर, टोलछिमेक र समाज प्रभावित हुनेगरी यस्ता काम गर्न निषेध नै गर्नुपर्छ। हाम्रो सामाजिक संरचना नै एकअर्कोबाट देखासिकी गर्ने र प्रभावित हुनेखाले छ।

**कानुन के भन्छ ?**

२०२० सालमा नै मुलुकी ऐन बनाएर यस्ता सामाजिक विभेद हटाउने प्रयास भएको हो। तर, सफल हुन सकेन। समाजमा देखापरेका यस्ता विकृति तथा सामाजिक चाडपर्वमा गरिने तडकभडक र फजुल खर्च रोक्नका लागि सामाजिक व्यवहार (सुधार) ऐन, २०३३ लाई केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधन गरी लागू गरिएको छ। संशोधित ऐनअनुसार विवाहमा तिलक लिनदिन नहुने र लिनेदिने गरेमा बिगो जफत गरी १२ हजारदेखि २५ हजारसम्म जरिमाना वा ३० दिनसम्म कैद वा दुवै सजाय हुने प्रावधान छ। तर पनि तराईमा आज पनि 'तिलक'का नाममा कैयन् महिला घरेलु हिंसाका सिकार बनेका छन्। दुलही पक्षले पनि आफ्ना लागि कुनै नगदी वा जिन्सी लिन नहुने, दुलहा पक्षले गहना, कपडा, नगद, जिन्सी वा जेथा दिन कर गर्न नपाइने र गरेमा जरिमाना तथा कैद हुने व्यवस्था छ। ऐनको दफा ५ ले 'विवाहमा दुलहीले जिउमा लगाएको एकसरो गहनाबाहेक कूल परम्पराअनुसार १० हजार रुपैया"सम्म दाइजो दिनसक्ने' व्यवस्था छ। जन्तीलाई समेत टीकाटाला गरी नगद दिन नपाइने व्यवस्था छ। विवाहमा बाजा र सहयोगीसहित ५१ जनाभन्दा बढी जन्ती लैजान नहुने कानुनी व्यवस्था छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लोकमानसिंह कार्की प्रमुख आयुक्त भएर गएपछि ११ भदौ २०७० मा आयोगले 'चाडपर्व र भोजभतेरमा तडकभडक बढेको' भन्दै ५१ जनाभन्दा बढी जम्मा भएर भोजभतेर नगर्न निर्देशन जारी गरेको थियो तर सुधार आउन भने सकेन। समाजमा विभेद उत्पन्न गराउन सक्नेखाले तडकभडक, दाइजो र अनावश्यक भोजभतेरमाथि अब प्रतिबन्ध नै लगाउनुपर्ने भएको छ। बढ्दो महँगीले आमनागरिकको जनजीवन कष्टकर बन्दै गएको छ भने अर्कोतिर विवाहजस्ता कार्यक्रममा आयोजक पक्षले बाध्यात्मक रूपमा गर्नुपर्ने अनावश्यक खर्चले औसत नेपालीलाई 'घर न घाट'को बनाउन थालेको छ। अब राज्यले दाइजो प्रथा र विवाहमा गरिने फजुल खर्चसमेत गर्न नपाउने मौजुदा कानुन कडाइका साथ पालना गराउन र कानुन उल्लंघन गर्नेलाई कडा कारबाहीका लागि शून्य सहनशीलता अपनाउनैपर्ने भएको छ। खर्च गर्नेले पनि कहाँबाट कमाएर खर्च गरे ? भनेर उनीहरूको आयस्रोत देखाउन लगाउनुपर्छ। गरेको खर्चमा भ्याट (आयकर) तिर्ने व्यवस्था हुनुपर्छ।

समाजमा सक्नेले पनि नसक्नेलाई प्रभाव पार्नेगरी सार्वजनिक रूपमा फजुल, अनावश्यक र उत्ताउलो शैलीमा खर्च गर्न, गराउन नपाउने कानुन बनाउन आवश्यक भइसकेको छ। छोरीहरूलाई शिक्षा दिने, तर दाइजो नदिने कानुनी व्यवस्था नै आजको पहिलो र अनिवार्य सर्त हुनुपर्छ। दिनेले पनि गोप्य रूपमा समाजले थाहा नपाउनेगरी दिँदा हुन्छ। ढोलक नै पिटेर दिनुपर्छ भन्ने छैन। व्यक्तिगत सम्पत्ति भन्दैमा समाजमा हुने र नहुनेबीचको वर्गीय विभेद छरपष्ट देखिनेगरी दिन र लिन पाइँदैन। दिनेलिने दुवैथरीलाई राज्यले दण्डित गर्नुपर्छ।

**रक्षक नै भक्षक**

नियम मिच्नेलाई कारबाही गर्ने सरकारी पदाधिकारी नै त्यसप्रकारको भोजभतेरमा सामेल हुने गरेका पाइन्छ। जसले फजुल खर्च गर्ने, गराउनेलाई कानुनी कारबाही गर्नुपर्ने हो, उही उपभोक्ता भएर गएपछि कसले कारबाही गर्ने ? आयोजक 'आफू दण्डित हुन नपरोस्' भनी खोजीखोजी यस्ता सरकारी अधिकारीलाई निम्त्याएका हुन्छन्। लिनका लागि सवारीसाधन पठाएका हुन्छन्। तसर्थ, सरकारी पक्ष पनि नियम, कानुन उल्लंघन हुनेगरी आयोजित कार्यक्रममा जान्न भन्ने हिम्मत गर्न सक्नुपर्छ। निम्ता आएपछि जहाँ पनि जाने प्रवृत्ति छाड्नुपर्छ। कार्यक्रमको इतिवृत्ति'दयगत पूर्वपरिचित हुन सक्नुपर्छ।

**सुधार आफैंबाट**

आजकल कतिपय व्यक्तिले आफ्नो वा परिवारका सदस्यको जन्मोत्सवमा वृद्धाश्रममा गएर खाना खुवाउने, मठमन्दिरमा दान गर्ने, विद्यालयमा अक्षयकोष राखिदिने वा यस्तै अन्य रचनात्मक कार्यद्वारा जन्मोत्सव मनाएको समाचार सुन्न, पढ्न पाइन्छ। यो निकै सकारात्मक र प्रेरक कार्यको थालनी हो। यसकारण ऐन, नियम वा निषेधले भन्दा पनि स्वप्रेरित भएर अघि बढेको खण्डमा सुधार सम्भव छ र त्यसको थालनी आफैंबाट हुनुपर्छ। मूल कुरा हाम्रो आचरण हो। सादा जीवन शैली हामी आफैंबाट अपनाउन थाल्ने हो भने यी सबैखाले तडकभडक स्वतः हटेर जानेछन्। केही साताअघि पूर्वमन्त्री एवं एमाले नेता लालबाबु पण्डितले आफ्नी जीवन संगिनीको निधनका बेला आफूलाई समवेदना दिन आउने व्यक्ति/संघसंस्थाले समवेदना लेखिएका फ्रेम ल्याएर दिएको स्मरण गरे। उनले ती फ्रेम एकत्रित गरी थैलोमा राखेको दृश्य निकै भावुक देखिन्थ्यो। नभन्दै आज मृतकका घरमा होडबाजी नै हुन्छ, कसको मरणमा धेरै फ्रेम हुन्छन् भनेर।

एक जमाना यस्तो थियो, विवाहमा भौतिक वस्तु दाइजो दिनैपर्ने। दुलहाका घरमा ती वस्तु राख्ने ठाउँ होस् नहोस्, तर दाइजो दिनैपर्ने। उसको घरमा बत्ती पुगेको होस् नहोस्, टिभी दिनैपर्ने, बाटो होस् नहोस्, मोटरसाईकल दिनैपर्ने ! कतिपयले विवाहपछि सामान राख्नैका लागि भनेर कोठाभाडामा लिएका उदाहरण पनि पाइन्छन्। यही प्रवृत्ति बिर्साउनेगरी भित्तामा फ्रेम राख्ने ठाउँ होस्-नहोस् घरभरि समवेदना लेखिएका फ्रेम नै फ्रेम भएको अवस्था पनि छ। यसमा सुधार गर्न जरुरी छ।

बरु, बिरामी छँदा भेट्न जाने, उसलाई सहानुभूति र स्वास्थलाभका लागि प्रेरणा दिने हो भने मृत्युपछि दिइएको फ्रेमभन्दा यो कयौं गुणा बढी प्रभावकारी हुनजान्छ। आज पनि हामी रकम अभावमा औषधि किन्न नसकेर छट्पटिइरहेका बिरामी भेट्न रित्तो हात जान्छौं। उता, लाखौंको बिहे वा अन्य पार्टी आयोजना गरेको व्यक्तिकामा जाँदा खादा, माला र वरवधुलाई उपहारस्वरूप खाममा पैसा राखेर जान्छौं। जसले हजारौं जनालाई सित्तैमा भोज खुवाउन बोलाएको छ, भोज खुवाउने सामर्थ्य राख्छ, उसलाई हामी पैसा दिएर आउँछौं। जसले रकम अभावमा अस्पतालको शैयामा मृत्यु कुरिरहेको छ, उसलाई 'औषधि गर' भनेर एक पैसो चुहाउँदैनौं। यहाँनेर हाम्रो विवेक पनि शून्यतामा मिसिएको देखिन्छ।

हो, उच्च मानवीय संवेदना यहाँनेर देखिन आवश्यक छ। हुनेले नहुनेलाई दिने हाम्रो वैदिक सनातन संस्कृति नै हो। यसलाई जोगाउन जरुरी छ। सरसापट, ऐंचोपैंचो र सहयोग हाम्रो जीवनशैली नै हो, यसलाई बचाउनुपर्छ। यसका लागि ऐन, कानुनका ठेलीभन्दा पनि हाम्रो आफ्नै जीवनशैली र कार्यव्यवहार बढी जिम्मेवार हुन्छ।

राजधानीबाट

# नेप्से परिसूचकमा २७ अङ्कको गिरावट



काठमाडौं। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक सोमबार २७ दशमलव ९० अङ्कले घटेर दुई हजार ८२२ दशमलव ४६ को बिन्दुमा कायम भएको छ। नेप्से परिसूचक शून्य दशमलव ९७ प्रतिशतले घटेको हो।

विभिन्न ३२४ कम्पनीका दुई करोड ५० लाख ९२ हजार ४९० कित्ता शेयर ९८ हजार ५२५ पटक खरिदबिक्री हुँदा रु १० अर्ब २१ करोड एक लाख ४२ हजार ३०८ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

कारोबारमा म्युचुअल फन्ड शून्य दशमलव १७ र अन्य समूह शून्य दशमलव ३१ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ। सबैभन्दा धेरै विकास बैंक समूह दुई दशमलव ३१ र लघुवित्त समूह दुई दशमलव ३५ प्रतिशतले घटेको हो।

बैंकिङ शून्य दशमलव ४१, वित्त एक दशमलव २७, होटल तथा पर्यटन शून्य दशमलव ७६, जलविद्युत् एक दशमलव ४१ र लगानी समूह दशमलव १७ प्रतिशतले घटेको छ। त्यस्तै जीवन बिमा शून्य दशमलव ८०, उत्पादन तथा प्रशोधन शून्य दशमलव ७५, निर्जीवन बिमा एक दशमलव २४ र व्यापार समूह एक दशमलव ४४ प्रतिशतले घटेको छ।

रिभर फल्स पावर लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै गुमाउनेमा भने उन्नती सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य सात दशमलव ६४ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको रु ५३ करोड ८८ लाख ६० हजार ९५७ बराबरको शेयर कारोबार भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै सिद्धार्थ इन्भेष्टमेन्ट ग्रोथ स्किम-२ को नौ लाख २३ हजार ५४९ कित्ता शेयर किनबेच भएको छ।

# सेवा कार्यालयद्वारा ५३ करोड राजस्व संकलन




स्याङ्जा। आन्तरिक राजस्वको करदाता सेवा कार्यालय स्याङ्जाले आर्थिक वर्ष २०८१/०८२ मा ५३ करोडभन्दा बढी राजस्व संकलन गरेको छ। कार्यालयले विभिन्न शीर्षकमा गरी ५३ करोड ३१ लाख ५१ हजार राजस्व संकलन गरेको हो।

कार्यालयले आयकर शीर्षकमा २८ करोड ७१ लाख पाँच हजार राजश्व उठाएको छ भने मूल्य अभिवृद्धि करतर्फ १८ करोड ७६ लाख ६८ हजार संकलन गरेको छ। जरिवाना तथा ब्याज शीर्षकमा चार करोड २६ लाख ७२ हजार राजस्व संकलन भएको कार्यालयले जनाएको छ।

कार्यालयले अन्त शुल्कतर्फ ८८ लाख ५५ हजार र भाडामा ५२ लाख ६८ हजार र अन्य शीर्षकमा १५ लाख ८३ हजार गरी गएको वर्ष छ शीर्षकमा कुल ५३ लाख ३१ लाख ५१ हजार राजस्व संकलन गरिएको कार्यालय प्रमुख टिकाराम रेग्मीले बताए।

कार्यालयले अघिल्लो आर्थिक वर्षको तुलनामा पछिल्लो वर्षमा एक करोड १८ लाख ९ हजार बढि राजश्व संकलन गरेको छ। आर्थिक वर्ष २०८०/०८१ मा कार्यालयले ५२ करोड १३ लाख ४२ हजार राजस्व संकलन गरेको थियो।

गएको आर्थिक वर्षमा ६७ करोड ६६ लाख १५ हजार राजस्व संकलन गर्ने लक्ष्य राखिएकोमा ५३ करोड ३१ लाख ५१ हजार मात्रै राजस्व संकलन भएको छ। लक्ष्यको ७८ दशमलब ८ प्रतिशत मात्रै राजस्व संकलन भएको कार्यालयका सूचना अधिकारी सुवाष शर्मा मरासिनीले जानकारी दिए।



**जल चढाउँदै भक्तजन**

दाङको घोराही उप-महानगरपालिका-५ स्थित पाण्डवेश्वर महादेव धाम, धारापानी परिसरमा रहेका एक सय आठ शिवलिङ्गमा साउन महिनाको अन्तिम सोमबार जल अर्पण गर्न बिहानैदेखि लामबद्ध भक्तजनहरू। धार्मिक विश्वासअनुसार यस दिन शिवलिङ्गमा जल, बेलपत्र, धतूरा र आकको फूल चढाएर पूजा गर्दा विशेष पुण्य प्राप्त हुने मान्यता छ। तस्विरः कुलदीप न्यौपाने/रासस

# पर्यटन पूर्वाधार विकासमा पाँच करोड बढी

स्याङ्जा । आर्थिक वर्ष २०८२/०८३ मा स्याङ्जाका पर्यटकीय पूर्वाधार विकासका लागि पाँच करोड ६० लाख बजेट विनियोजन गरिएको छ। प्रदेश सरकारले एक सय एक पर्यटकीय क्षेत्रको पूर्वाधार विकास गर्न पर्यटन तथा उद्योग कार्यालयमार्फत् पाँच करोड ६० लाख विनियोजन गरेको हो।

विनियोजित बजेटमध्ये एक करोड ३५ लाखमा २६ पर्यटन पदमार्ग निर्माण र ७० लाखको लागतमा १२ पार्क तथा उद्यान निर्माण गरिने भएको छ। बजेटको ठूलो हिस्सामध्ये तीन करोड ५५ लाखको लागतमा ६३ वटा पर्यटन पूर्वाधार, कलासंस्कृति, मठमन्दिर तथा गुम्बा, स्तुपा र होमस्टेको स्तर उन्नतीमा खर्च गरिने भएको कार्यालयले जनाएको छ।

चालु वर्षका लागि विनियोजित बजेट दुई करोड पाँच लाखको लागतमा ३८ पदमार्ग र पार्क निर्माण हुने कार्यालयका प्रमुख नारायण ढकालले बताए। उनका अनुसार कुल बजेटको झण्डै ३७ प्रतिशतले पदमार्ग र पार्क निर्माण हुँदा आन्तरिक र बाह्यि पर्यटक आकर्षणका केन्द्र बन्नेछन्।

जिल्लाका ११ पालिका मध्ये ५ नगरपालिकाका ६१ योजनाका लागि तीन करोड ३५ लाख विनियोजन भएको छ। चालु वर्षको विनियोजित बजेट अनुसार वालिङमा एक करोड १० लाखको लागतमा २०, पुतलीबजारमा ८५ लाख खर्चमा १५, गल्याङमा ६५ लाखको १२, भीरकोटमा ५० लाख खर्चमा ९ र चापाकोटमा २५ लाखको लागतमा ५ वटा योजना सम्पन्न हुनेछन्।

त्यसैगरि ६ गाउँपालिकामध्ये आँधीखोलामा ५५ लाखको लागतमा १०, फेदीखोलामा ४५ लाख खर्चमा ९, अर्जुनर्चापारीमा ५० लाखमा ८, कालिगण्कडीमा ५० लाखको खर्चमा ८, बिरुवामा २० लाखको लागतमा ४ र हरिनाशमा ५ लाखको लागतमा एक योजना निर्माण गरिनेछ। गाउँपालिका तर्फ ४० योजनालाई दुई करोड २५ लाख विनियोजन गरिएको छ।

जिल्लाका पर्यटकीय क्षेत्र पुतलीबजारको बहाकोट, भीरकोटको स्वरेक मैदान, फेदीखोलाको तपसी कुटि, आँधीखोलाको अन्धाअन्धी दह, पञ्चमूल सिरुबारीलाई बजेटले प्राथमिकता दिएको बताउँदै कार्यालयले डहरे देउराली, गह्रौसुर, श्रवणकुमार, हुँगीघाट, आलमदेबी, रामडाँडा, कोल्मा होमस्टे, लामडाँडा तामुलेक र दग्दी पुर्कोट लगाएतका क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको जनाएको छ।

कार्यालयलाई गएको आर्थिक वर्ष २०८१/०८२ मा ३० योजना निर्माणमा २ करोड ५५ लाख विनियोजन भएको थियो। ३० मध्ये २९ वटा योजना निर्माण गरेर करिब ९७ प्रतिशत भौतिक प्रगति हासिल गरेको कार्यालयले कुल बजेटको झण्डै ९३ प्रतिशत अर्थात २ करोड ३७ लाख १५ हजार खर्च गर्न सफल भएको थियो।

# कञ्चनमा लामखुट्टेको बासस्थान खोजौं र नस्ट गरौं अभियान सञ्चालन गरिने

कञ्चन। रुपन्देहीको कञ्चनमा डेंगी जापनिज इन्सफ्लाइटिस कीटजन्य रोगहरुको नियन्त्रणका लागि लामखुट्टेको बासस्थान खोजी गरी लार्भा नस्ट गर्ने अभियान सञ्चालन गरिने भएको छ। कञ्चनका ५ वटै वडाका टोल बिकास, आमा समूह, क्लब, कर्मचारी, जनप्रतिनिधि, राजनैतिक दलहरुलगायतको सहभागितामा उक्त अभियान सञ्चालन हुने कञ्चन गाउँपालिका स्वास्थ्य शाखाले जनाएको छ।

विद्यालय शिक्षा कार्यक्रम, समुदाय परिचालन तथा सरोकारवालाहरुसँग गरिएको अभिमुखीकरण कार्यक्रममा सहभागीहरुले पालिकालाई डेंगी रोग उन्मुलन पालिका बनाउन लामखुट्टेको बासस्थान खोजौं र नस्ट गरौं भन्ने अभियानलाई अगाडि बढाउन प्रतिबद्धता जनाएका हुन्। अभियानमा वडाभित्रका टोल बस्तीहरु, विद्यालय, सरकारी कार्यालयहरु, ग्यारेजवर्कसप, कवाडी सामान राख्ने स्थानहरुमा प्रत्येक हप्ताको शनिवार अनिवार्य रुपमा प्रचार प्रसार, माइकिङ्ग तथा लामखुट्टेको बासस्थान खोजीगरी लार्भा नस्ट गर्ने कार्य गरिने कञ्चन गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख ढालबहादुर जि.सी.ले जानकारी दिए।

अभियानअन्तर्गत हरेक हप्ताको तेश्रो शनिबारदेखि असोज मसान्तसम्म जनप्रतिनिधिहरु, कर्मचारी, शिक्षक, विद्यार्थी, प्रहरी, टोल विकास समिति, नागरिक समाज, उद्योग वाणिज्य संघ, युवा क्लब, होटल व्यवसायी, ग्यारेज सञ्चालक महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरु आमा समूह आदिको सहभागिता रहने गजेडी स्वास्थ्य चौकीका इञ्चार्ज गीताराम रिजालले बताए।

यसैगरी हरेक शुक्रबार १० बजे १० मिनेट कार्यक्रमअन्तर्गत जनप्रतिनिधिहरु तथा सम्बन्धित कार्यालय तथा विद्यालयका कर्मचारी, शिक्षक, विद्यार्थी तथा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरुको सहभागितामा सरकारी कार्यालय, विद्यालय, संघ संस्था तथा सम्पूर्ण सेवा प्रदायक कार्यालय परिसरमा कार्यालयको काम सुरु हुनुभन्दा अगाडि अनिवार्य रुपमा सरसफाइ अभियान सञ्चालन गरिने प्रमुख प्रशासकीय अधिकृत माधवराज पाख्रेलले जानकारी दिए।

लामखुट्टेको बासस्थान खोजौं लार्भा नस्ट गरौं अभियानअन्तर्गत पाँच वटै वडा र विद्यालयहरुमा विद्यलय स्वास्थ्य शिक्षा कार्यक्रम, प्रचार प्रसार तथा पैरवी र माईकिङ्ग जस्ता कार्यहरु समेत सञ्चालन गरिने छ। विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रमअन्तर्गत व्यवहार परिवर्तन ल्याउने उद्देश्यले विद्यालयस्तरमा स्वास्थ्य शिक्षा तथा द्रुत कार्यक्रम सञ्चालन गर्नेअन्तरगत विद्यालय साथी शिक्षा कार्यक्रम, विद्यालय घर सन्देश प्रवाह तथा सरसफाइसम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिने शिक्षा शाखा प्रमुख रमेश भूसालले उल्लेख गरे। यस्तै डेंगी, जापानिज इन्सेफ्लाइटिसलगायत कीटजन्य रोगहरुको नियन्त्रणका लागि लामखुट्टेको बासस्थान खोजी गरी लार्भा नष्ट गर्ने सम्बन्धि विभिन्न स्थानीय भाषामा जिङ्गलहरु तयार गरी एफ.एम. रेडियो, स्थानीय टेलिभिजन तथा सामाजिक सञ्जालमार्फत् प्रचार प्रसार गरिने स्वास्थ्य शाखा प्रमुख जि.सी.ले जानकारी दिएका छन्।

## कारगारबाट...

तारजाली लगाइएको पर्खालबाट कुनबेला के हुने हो भन्ने ठेगान छैन। असुविधा र अप्ठ्याराका कारण कारागारमा उत्पन्न हुने विभेदका कारण 'ग्याङ' निर्माणको खतरा हुने हुँदा आफूले नियमित निरीक्षण र कारागार भित्रको अवस्थाबारे जानकारी लिने प्रयास गरिरहेको उनले बताए।

कारागार भित्रको प्रशासन चलाउन कोठा र डयूटी नाइके र चौकीदार व्यवस्था हुने उनले बताए।

कारागारसँगै बस्ती जोडिएकाले खुला स्थान अभाव छ। वरिपरी मजबुत पर्खाल नहुँदा सुरक्षा चुनौति थपिएको छ। सामान्य जाली लगाएर कारागार क्षेत्र घेरिएको छ। घेरिएको क्षेत्रमा सबैतिर काँडेतार समेत नहुँदा कैदीबन्दी भाग्ने र अन्य भित्र-बाहिर दुबैतर्फबाट अपराधिक क्रियाकलाप हुनसक्ने जोखिम छ।

वि.सं. १९९० सालमा निर्माण भएको यो कारागारमा सबैजसो भवनहरु जीर्ण छन्। भण्डारीले भने, 'पुराना संरचना हुन, मजबुत छैनन।' जिल्ला कारागारका बन्दीगृह पुरानो भइसकेका छन्। सबैलाई प्रयाप्त हुने सेवा सुविधा उपलब्ध छैन।

पिउने पानीकै समस्या रहेको कारागार प्रशासनले जनाएको छ। बिजुली नियमित नहुने समस्याले हैरानी सहनु परिरहेको छ। 'सबैलाई पुग्नेगरि स्वास्थ्य सामाग्री उपलब्ध गराउन सकिएको छैन,' प्रमुख भण्डारीले भने, 'पर्याप्त खेल मैदान र सामाग्री छैनन।'

# वालिङले वनलाई करको दायरामा ल्याउँदै



स्याङ्जा। स्याङ्जाको वालिङ नगरपालिकाले सामुदायिक वनलाई व्यवस्थित गर्दै करको दायरमा ल्याउने भएको छ। सामुदायिक वनलाई करको दायरामा ल्याउन वनजन्य वस्तुको उपयोग गर्ने योजनासहित पालिकाले सामुदायिक वन लक्षित कार्यक्रम सुरु गरेको छ।

पालिकाभित्रका ८७ वटा सामुदायिक वनलाई व्यवस्थित गर्दै आर्थिक उपार्जनको स्रोत बनाउने योजना नगरपालिकाले बनाएको छ। हरित उत्पादन र वातावारण संरक्षणमा वन उपभोक्ता समूहहरुको महत्वपूर्ण भूमिका रहने भन्दै नगरपालिकाले सामुदायिक वनमा रहेका श्रोतहरुको समयसापेक्ष उपभोगमा उपभोक्तासँग सहकार्य गर्ने भएको छ।

पहिलो चरणमा २५ वटा सामुदायिक वनलाई लेखापरीक्षण गराउन नगरपालिकाले सहयोग गरेको छ। तोकिएको समयमा कार्ययोजना सहित कागजात पालिकालाई पेश गर्ने १४ वटा वन उपभोक्ता समूहलाई समेत प्रोत्साहन स्वरुप नगद प्रदान गरिएको उप-प्रमुख कविता तिवारीले बताइन्। लेखापरीक्षण र वनका गतिविधिलाई पारदर्शी बनाउन प्रतिसमूह तीन हजार प्रदान गरिएको पालिकाले जनाएको छ।

सामुदायिक वन उपभोक्ता महासंघ नेपालका केन्द्रीय सदस्य केदार काफ्लेले नेपालका सामुदायिक वनलाई व्यवस्थित गर्न सके आयआर्जनको श्रोत बन्ने बताए। 'वनमा प्रशस्त स्रोत भएर पनि कुहिएर खेरा गएका वस्तुको सही प्रयोग हुन सकेको छैन,' काफ्लेले भने- 'सामुदायिक वनको संरक्षण र वनका उत्पादनलाई आयआर्जनमा जोड्न सके वनको सदुपयोग हुने थियो।'

सामुदायिक वनहरु स्थानीय उपभोक्ताबाटै संरक्षण हुँदै आएका छन्। संरक्षित वनलाई व्यवस्थित गर्दै आयश्रोतको माध्यम बनाउन नगरपालिकाले दर्ता, नविकरण गर्न उपभोक्तालाई प्रोत्सहान गरेको छ। प्रोत्सहानपछि दर्ता र नविकरण भएका वनको श्रोत पहिचान गरेर आयआर्जनको श्रोत बनाउन नगरपालिकाले जोड दिने भएको हो।

लामो समयदेखि निस्क्रिय रहेका वनको पहिलो चरणमा नविकरणको काम भइरहेको सामुदायिक वन उपभोक्ता महासंघ गण्डकी प्रदेश न्यायिक समितिका संयोजक सीता काफ्लेले जनाइन्। दोस्रो चरणमा वनको कुहिएर खेरा जाने वस्तुलाई आयआर्जनमा जोड्ने प्रक्रिया सुरु गराउने तयारीमा नगरपालिका र महासंघ रहेको उनले बताइन्।

कार्बन उत्सर्जनमा वनको महत्वपूर्ण रहेको बताउँदै नगरपालिकाले विदेशबाट आउने रकम वन उपभोक्ता समूहलाई प्रत्यक्ष लाभान्वित बनाउन सकेमा आयआर्जनको गतिलो माध्यम बन्नेमा विश्वास जनाएको छ। संरक्षण गर्नेले लाभान्वित हुन पाउनुपर्नेमा नगरपालिकाले जोड दिएको छ।

# दाङमा सिँचाइ विस्तार, सबै योजना पूरा

दाङ। दाङको तुलसीपुरस्थित जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय दाङले आर्थिक वर्ष २०८१/८२ मा २७१ मध्ये २६९ योजना सम्पन्न गरेको छ। कार्यालय प्रमुख कृष्णबहादुर विकले रु ३२ करोड ७३ लाख बजेमध्ये रु ३१ करोड ८३ लाख ५६ हजार अर्थात ९७.२७ प्रतिशत खर्च भएको जानकारी दिए।

उनका अनुसार जल उत्पन्न प्रकोप न्यूनीकरण तथा व्यवस्थापन कार्यक्रमअन्तर्गत ८७, सिँचाइ आयोजना मर्मत सुधार तथा विस्तारतर्फ १४५, मझौला तथा वैकल्पिक प्रविधिमा आधारित सघन सिँचाइ कार्यक्रमतर्फ ३२ र जलाशय निर्माणका पाँचवटा योजना पूरा भएका हुन्।

सिँचाइ आयोजना मर्मत सुधार तथा विस्तारका दुईवटा योजना भने कार्यान्वयनमा हुन नसकेको उनको भनाइ छ। उनका अनुसार हाल कार्यालयबाट तीनवटा बहुवर्षीय योजनाको काम चलिरहेको छ।

झिग्नी बबई सिँचाइ योजना घोराही-३ र घारिचौर सिँचाइ योजना बङ्गलाचुली-७ को ठेक्का सम्झौता भइसकेको छ भने बस्तीखोला सिँचाइ योजना शान्तिनर-३ र ४ को काम बोलपत्र आह्वान भएको छ।

कार्यालयले २०७२ सालदेखि अहिलेसम्म १६२ किलोमिटर नहर पक्की बनाएको छ भने ६७ लिफ्ट सिँचाइ, ६७ पम्प हाउस, ९.७३ किलोमिटर पाइप लाइनिङ, ४५ वटा विद्युतीकरण गरेको छ। जसबाट थप सात हजार ६३२ हेक्टरमा सिँचाइ सुविधा पुगेको छ, भने ३१ हजार ५८३ हेक्टरमा सिँचाइ सुविधा सुदृढीकरण गरिएको कार्यालयले जनाएको छ।

त्यसैगरी, कूल ७२.७७ किलोमिटर तटबन्ध तथा नदी नियन्त्रण गरिएको छ। जसबाट १२ हजार ५४६ हेक्टर जमिन सुरक्षित भएको छभने आठ हजार ६५८ वटा घर सुरक्षित भएका छन्। कार्यालय प्रमुख विकका अनुसार दाङमा ७५ हजार ९९१ हेक्टर (२५.७२ प्रतिशत) कृषि क्षेत्र हो। जसमध्ये अहिले ६० हजार ३६७ हेक्टर (२०.४३ प्रतिशत) मा सिँचाइ सुविधा पुगेको छ।


नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
कपिलवस्तु, तौलिहवा

**प्रमाणित सम्बन्धमा**

सूचना प्रकाशित मितिः २०८२/०४/२७
ने. सं. ११४५ गुलागा, द्वितीया

श्री जो जस संग सम्बन्ध छ।

प्रस्तुत विषयमा यस जिल्ला अन्तर्गत बाणगंगा नगरपालिका वडा नं. १ बस्ने भारतीय भु.पु. नं. ( 69966571 Ex CT (GD) (Late) Kul bahadur) का कुल बहादुर थापाको पत्नी (ना. प्र. नं. ६-३३१५) हुमी थापाले यस कार्यालयमा पेश गरेको निवेदन अनुसार निजको नेपाली नागरिकता प्रमाणपत्र र निजको पतिको भारतीय पेन्सनपट्टा अभिलेखमा नामथर र जन्ममिति फरक-फरक भएतापनि तपसिल बमोजिमको नामथर र जन्ममिति भएको व्यक्ति फरक फरक नभई एकै व्यक्ति भएको भनी बाणगंगा नगरपालिका १ नं. वडा कार्यालयको च.नं. १११ मिति २०८२।०४।१६ गतेको सिफारिस पत्र र हुमी थापाले यस कार्यालयमा उपस्थित भई गरेको स्वघोषणाको आधारमा सोही व्यहोरा भारतीय पेन्सन प्रयोजनार्थ प्रमाणित गरिएको छ। सो सम्बन्धमा तहाँको नियमानुसार गरिदिनु हुन अनुरोध छ।

तपसिल



| नागरिकतामा भएको नामथर र जन्ममिति | नागरिकता नं. | भारतीय पेन्सन कागजातमा भएको नामथर र जन्ममिति |
|---|---|---|
| नामथरः हुमी थापा जन्म मितिः २०१३/०८/२१ (1956–DEC–06) | ६-३३१५ जारी मिति २०४५।०१।१५ गुल्मी | नामथरः HUMI DEVI जन्ममिति (1945-SEP-01 ) |

प्रमुख जिल्ला अधिकारी



**मालपोत कार्यालय भैरहवाबाट जारी भएको**

**नामसारी सम्बन्धी ३५ दिने सूचना**

प्रथम पटक प्रकाशित मिति २०८२/०४/२७

जिल्ला रुपन्देही साविक बगाहा गा.बि.स. वडा नं. ८ हाल रोहिणी गाउँपालिका वडा नं. १ ढोलपुर बस्ने अजय कुमार पाण्डेले रोहिणी गा.पा. वडा नं १ को च.नं. ८५८ मिति २०८२/०१/०८ को सिफारिस संलग्न राखी मेरो हजुरआमा कैलासी पडाइनको मिति २०७०/०९/२२ गते र निजको पति (बाजे) अधारे पाण्डेको मिति २०३४ साल अगावै मृत्यु भई सकेको र निजबाट जन्मेका दुई जना छोरा जेठा गोकुल प्रसाद पाण्डेको २०६५/०९/१४ र निजको एक मात्र श्रीमती सर्वेस कुमारी पाण्डेको २०६७/१०/१७ मा मृत्यु भएको र कान्छा छोरा मथुरा प्रसाद पाण्डेको मिति २०८१/०६/२६ गते आफ्नै कालगतिले मृत्यु भइसकेको र जेठा छोरा गोकुल प्रसाद पाण्डेबाट जाय जन्मेका छोराहरु विश्वदेव पाण्डे, जगदिश प्रसाद पाण्डे, नन्दलाल पाण्डे, जनार्दन पाण्डे, कन्हैया प्रसाद पाण्डेले माइलो अजय कुमार पाण्डेको नाममा उक्त जग्गा दिन सबै भाईहरु सहमति गरेको र मथुरा प्रसाद पाण्डेको शेषपछि हकवाला एकमात्र पत्नी जयन्त्री देवी पाण्डेले समेत अजय कुमार पाण्डेको नाममा उक्त जग्गा नामसारी गर्न सहमत रहेकोले मृतक हजुरआमा कैलासी पडाईनको नाममा दर्ता कायम रहेको साविक बगाहा गा.वि.स.८ ख(९७) गाउँ ब्लक कि.नं.५. ज.बि.००४४.४० वर्ग मिटर निवेदक अजय कुमार पाण्डेको नाममा नामसारी गरीपाउँ भनी मालपोत कार्यालय भैरहवा रुपन्देहीमा निवेदन दिनुभएकोमा उक्त जग्गा नामसारी गर्दा सरकारी/सार्वजनिक वा व्यक्तिगत अन्य कसैको हकदैयामा असर पर्ने वा उक्त जग्गा नामसारी गर्न नमिल्ने भए यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र स-प्रमाण आफै वा वारेस मार्फत हकदावी गर्नका लागि सरोकारवालामा अनुरोध छ। म्यादभित्र हकदावी उजुर बाजुर नपरेमा प्रचलित कानुन बमोजिम भई जाने व्यहोरा सबैमा अनुरोध छ।

जग्गाको विवरण

| सि. नं. | जिल्ला | गाविस | वडा | कि. नं. | क्षेत्रफल | फिल्ड बुकको विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | रुपन्देही | बगाहा | ८ ख | ५ | ००४४.४० | | |

इति सम्बत् २०८२ साल ०४ महिना २५ गते रोज १ शुभम्।



**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# चाडपर्व नजिकिँदै गर्दा बजार अनुगमन



स्याङ्जा । चाडपर्व नजिकिँदै गर्दा जिल्ला प्रशसन कार्यालय स्याङ्जाले उपभोक्ता हक, हित र अधिकारलाई मध्यनजर गर्दै बजार अनुगमन कार्य सुरु गरेको छ । उपभोक्ताको स्वास्थ्यलाई ध्यान दिँदै जिल्ला सदरमुकामस्थित खाद्यान्न तथा किनारा पसलमा अनुगमन तथा निरीक्षण गरिएको छ ।

सदरमुकामको व्यस्त बजार घुम्ति, दुर्गानगरका किनारा पसलहरुको अनुगमन गरेको हो । पुतलीबजार नगरपालिका-१ घुम्ति-चिसापानी मार्गका बजारमा झण्डै दर्जन पसलमा अनुगमन तथा निरीक्षण गर्दा अधिकांश पसलमा राखिएका खाद्यन्न तथा पेय पदार्थमा म्याद गुज्रेको भेटिएको थियो ।

अनुगमनका क्रममा करेन्ट मःम मसला, चार्टमसला, सेन्चुरी मरिच धुलो, अचार मसला, करेन्ट चाउमिन मसला, सेन्चुरी चाउमिन मसला, पानीपुरी मसला, यिर्बानी मसाली, चिज बल्स र लेजलगायतका फास्ट फुडका खाद्य सामग्रीमा म्याद गुज्रेको भेटिएको प्रशायक प्रमुख जिल्ला अधिकारी दिपक पौडेलले जानकारी दिए ।

पसल दर्ता नगरी, सामग्रीको मूल्य सूची नराखिएको, मूल्य एकरुपता नभएको, लेवल र तौल नलेखिएको खाद्यान्न सामग्री प्याकिङ गरि बिक्री गर्दै आएको भेटिएको छ । पसलधनीलाई आवश्यक काजगात र प्रक्रिया पूरा गरी पसल सञ्चालन गर्न, खाद्यान्न सामग्री खरिद तथा खरिदमा आवश्यक ध्यान दिन र म्याद गुज्रेका सामग्री नबेच्न सचेत गराइएको सहायक प्रजिअ पौडेलले बताए ।

म्याद गुज्रेका अखाद्य वस्तुलाई अनुगमन टोलीले संकलन गरी नष्ट गरेको छ । प्रशासन कार्यालयको अगुवाइमा बजार अनुगमन तथा निरीक्षण गरिएको हो । आउँदै गरेका चार्डपर्वलाई मध्यनजर गर्दै प्रशासनले बजार अनुगमनलाई नियमित गर्ने जनाएको छ ।

# मणिमुकुन्द कलेजद्वारा कक्षा १२ उत्तीर्णलाई सम्मान



बुटवल । बुटवल योगीकुटीस्थित मणिमुकुन्द कलेजले कक्षा १२ उत्तीर्ण विद्यार्थीहरुलाई बधाई ज्ञापनसहित सम्मान गरेको छ । कलेज सभाहलमा आयोजित कार्यक्रममा बोल्ने वक्ताहरुले विद्यार्थीहरुलाई ब्याचलर तहको अध्ययन नेपालमै गर्न उचित हुने सुझाव दिएका थिए ।

कलेजका सह-प्राचार्य दिवाकर खनालले ब्याचलर तह विदेश होइन स्वदेशमै पढ्न आग्रह गरे । युरोप अमेरिकी राष्ट्रमा ब्याचलर अध्ययन गर्नेहरू उतै पलायन हुने र विद्यार्थीका परिवारमा आमा बुवाको बिचल्ली भएका थुप्रै उदाहरण रहेको खनालले उल्लेख गरे । विदेश पढ्न जानै परे मास्टर डिग्रीका लागि जान उपयुक्त हुने उनको सुझाव थियो ।

कलेजका बीबीएस संयोजक दिनेश पाण्डेले ब्याचलर पढ्दा आफ्नो रुचि, पढाइपछिको रोजगारीको अवसर , शुल्क आदि पक्ष पहिले राम्रोसँग बुझेर मात्र भर्ना हुन् सुझाब दिए । उनले कक्षा १२ उत्तीर्ण हुनेबित्तिकै विदेश सपना देख्ने कुरा स्वयं विद्यार्थी, घरपरिवार र देशकै लागि राम्रो नहुने चर्चा गर्दै स्वदेशमै सम्भावना देख्न विद्यार्थीलाई आग्रह गरे । पाण्डेले मणिमुकुन्द कलेजमै बीबीएसको पढाइ हुने जानकारी गराउँदै भर्ना र मासिक शुल्कमा कलेजले निःशुल्कदेखि विशेष छुट दिएको बताए ।

विद्यार्थी करिना खत्रीले कलेजको विद्यार्थी मैत्री वातावरण र दक्ष शिक्षकहरुको कारण उत्कृष्ट नतिजा आएको बताइन् ।

अभिभावक धनिराम पराजुलीले मणिमुकुन्दको शैक्षिक पूर्वाधार, शिक्षकहरुको विद्यार्थीमैत्री पढाइ र उत्कृष्ट नतिजाका कारण अभिभावक र विद्यार्थीको रोजाईको शिक्षण संस्था बनेको बताए । व्यवस्थापन संकाय संयोजक पशुपति चौधरीले कलेजले उच्च जीपीएलाई मात्रैभन्दा विद्यार्थीको उच्च शिक्षाको करियर र भविष्यलाई विशेष ध्यान दिने गरेको प्रष्ट पारे ।

विद्यार्थीहरुलाई कलेजका प्राचार्य टुकबहादुर क्षेत्री, कलेज सञ्चालक समिति सदस्य उमापति न्यौपाने, प्याब्सन लुम्बिनी प्रदेश अध्यक्ष लालहरि पाण्डेलगायतले सम्मान गरेका थिए । विद्यार्थीसँगै उनीहरुका अभिभावकलाई पनि सम्मान गरिएको थियो ।

# इनरह्वील क्लब अफ बुटवलद्वारा वृक्षरोपण



बुटवल । इनरह्वील क्लब अफ बुटवलले सोमबार बुटवलको धार्मिक पवित्र स्थल नीलकण्ठ बाबा धाम परिसरमा वृक्षरोपण गरेको छ ।

क्लब अध्यक्ष बुलबुल श्रेष्ठले साउनको सोमबार हुनुका साथै नीलकण्ठ बाबा धामको स्तरउन्नतिमा सहयोग पुग्नुका साथै प्रकृति संरक्षणका लागि कार्यक्रम आयोजना गरिएको बताइन् ।

कार्यक्रमका प्रमुख अतिथि धामका सचिव डण्डपानी पाण्डेले सामाजिक कार्य गर्नका लागि क्लबले धाम रोजेकोमा धन्यवाद व्यक्त गरे ।

कार्यक्रममा क्लबका पूर्वअध्यक्ष लक्ष्मी बश्याल, पूर्वअध्यक्ष प्रमिला श्रेष्ठ, धामका कोषाध्यक्ष लक्ष्मी न्यौपानेलगायतले शुभकामना दिएका थिए ।

कार्यक्रम संयोजक अर्पना श्रेष्ठले स्वागत मन्तव्य दिँदै कार्यक्रमको उद्देश्य र महत्वबारे जानकारी गराएकी थिइन भने कार्यक्रमको सञ्चालन क्लबकी सचिव गंगा श्रेष्ठले सञ्चालन गरेकी थिइन् ।

वृक्षारोपण कार्यक्रममा क्लबका पूर्वअध्यक्षहरू, सल्लाहकार, आइपिपी, बोर्ड सदस्यहरू तथा सम्पूर्ण क्लब सदस्यहरूको उपस्थिति रहेको थियो । कार्यक्रमपछि धाममा उपस्थित बटुकहरू तथा भक्तजनका लागि चिसो मोहीको व्यवस्था गरिएको क्लबले जनाएको छ ।

# अस्तव्यस्त 'स्मार्ट' कृषिगाउँ




दाङ । दाङको तुलसीपुर उप-महानगरपालिका-१८ अक्कासीमा लुम्बिनी प्रदेश सरकारले 'स्मार्ट' कृषि गाउँका रुपमा छनोट गरेको थियो । एक पालिकामा एउटा स्मार्ट कृषि गाउँ बनाउने प्रदेश सरकारको योजनाअनुसार तुलसीपुर उपमहानगरपालिकाको स्मार्ट कृषि गाउँ भनेर अक्कासीलाई छनोट गरिएको थियो ।

विक्रम संवत् २०७७ मा सुरु भएको उक्त कार्यक्रम दुई वर्षभन्दा बढी चलेन । सुरुमा कृषिमा काम नगरे पनि पशुमा काम गऱ्यो । दुई वर्षसम्म त त्यो कार्यक्रम चल्यो । किसान पनि खुसी भए । तर, तेस्रो वर्षदेखि बन्द भयो । यसमा त्यहाँका ७९ परिवार आबद्ध भए । तीमध्ये ४८ परिवारले बाख्रापालन तथा ४१ परिवारले बङ्गुरपालन सुरु गरे । त्यसरी बङ्गुरपालन गर्ने किसानलाई दुईवटा बङ्गुर अट्ने खोर र बाख्रापालन गर्ने किसानलाई पाँचवटासम्म बाख्रापालन गर्न सक्नेगरी खोर पनि निर्माण गरिदियो ।

सुरुआतमा किसान उत्साहित भए । तर, अहिले उनीहरु निराश छन् । "सरकारले स्मार्ट कृषि गाउँ बनाएर लगानी गरेपछि हामी उत्साहित भएका थियौँ", किसान टोपबहादुर वलीले भने-"तर, कार्यक्रम सकिएपछि हामीलाई निकै गाह्रो भयो ।" गाउँमा अरू पनि किसान थिए, ती किसानलाई पनि समेट्न सकिएको छैन, भने खोर बनाएकाहरुमध्ये केहीले बाख्रा र बङ्गुर पालिरहेका छन् भने केहीले ती खोर प्रयोग पनि गरिरहेका छैनन् । स्मार्ट कृषि गाउँ लागू भएपछि कार्यालय पनि खोलिएको थियो । त्यो कार्यालयको भाडा पनि नतिरेको ३/४ वर्ष भइसकेको छ । कार्यालयका कम्प्युटर, प्रिन्टिरलगायत पनि प्रयोगविहीन छन् ।

सरकारले २०७७ मा ४० लाख र २०७८ मा ४० लाख बजेट दिएको थियो । त्यसमा किसानले पहिलो वर्ष १० प्रतिशत र दोस्रो वर्ष ३० प्रतिशत व्यहोर्ने कुरा थियो । तर, किसानले त्यो व्यहोर्न नमानेपछि तुलसीपुर उप-महानगरपालिकाले व्यहोरेर पनि कार्यक्रम चालु गरिएको थियो । तेस्रो वर्ष पनि सोही अनुसार बजेट आएको भए पनि उपमहानगरपालिकाले पनि त्यो रकम नव्यहोर्ने भएपछि त्यसै फिर्ता गएको थियो । त्यसमा पनि कोरोनाले किसान मारमा थिए ।

"कोराना महामारी आयो, हाम्रा बाख्रा, बङ्गुर बिक्री भएनन्", अर्का किसान इन्द्रबहादुर खड्काले भने-"त्यसपछि धेरै किसानले पाल्न छोड्नुभयो ।"

कार्यक्रमका लागि मासिक रु १५ हजार तलब दिएर एक प्राविधिक पनि राखिएको थियो । तर, ती प्राविधिक नभएपछि पालन गरेका पशुले पनि उपचार नपाउने र त्यसै मर्ने अवस्था आयो । त्यसले पनि किसानले पशुपालन गर्न छोडे । स्मार्ट कृषि गाउँ दर्ता पनि भएकाले बर्सेनि अडिट पनि गर्नुपर्ने, कर पनि तिर्नुपर्ने हुन्छ । तर, त्यो पनि तिर्न सक्ने अवस्था नभएको किसान खड्काले बताए ।

दुई वर्षसम्म उपमहानगरपालिकाले सहयोग गरेको भए पनि तेस्रो वर्षदेखि किसान पनि जागरुक नभएको र सहयोग गर्ने अवस्था नआएपछि स्थगित गर्नुपर्ने अवस्था आएको तुलसीपुर उपमहानगरपालिकाका प्रवक्ता माधव वलीले जनाए ।

"किसानले रकम व्यहोर्न मान्नु भएन", तुलसीपुर-१८ का वडाध्यक्ष माधव वलीले भने-"त्यसपछि कार्यक्रम त्यतिकै स्थगित भयो ।" सोही ठाउँका ६ टोल समेटेर उक्त कार्यक्रम सञ्चालन गरिएको थियो ।

# दुर्व्यसनी तथा अटिजमसम्बन्धी सचेतनामूलक कार्यक्रम सम्पन्न



देवदह । रुपन्देहीको देवदह नगरपालिका-१, राजावारीमा लागुऔषध दुर्व्यसनी तथा अटिजम सम्बन्धी सचेतनामुलक कार्यक्रम सम्पन्न भएको छ । लायन्स क्लब अफ देवदह यूनाइटेडको आयोजना, केरवानी स्वास्थ्य चौकी, देवदह प्रहरी चौकी र सरस्वति माध्यमिक विद्यालयको सहयोगमा उक्त कार्यक्रम सम्पन्न भएको हो ।

लायन्स क्लब अफ देवदह यूनाइटेडका अध्यक्ष गणेश सापकोटाको अध्यक्षता र लायन्स इन्टरनेशनल डिष्ट्रिक गर्भनर पिएमजेएफ वालाराम भट्टराईको प्रमुख आतिथ्यतामा उक्त कार्यक्रम सम्पन्न भएको हो । सचेतनामुलक कार्यक्रममा सरस्वति माध्यमिक विद्यालयका विद्यार्थी तथा अभिभावकहरुलाई लागुऔषधी दुर्व्यसनी र अटिजमसम्बन्धी जानकारी दिएका हुन् ।

सो अवसरमा बोल्दै लायन्स इन्टरनेशनल डिष्ट्रिक गर्भनर पिएमजेएफ भट्टराईले परिवर्तन आफूबाट शुरुवात गर्नुपर्नेमा जोड दिए । उनले सकारात्मक सोंचले मात्र समाज रुपान्तरण गर्न सकिने बताउँदै लागुऔषधमुक्त समाज निर्माण गर्नको लागि सवैले हातेमालो गर्न आवश्यक रहेको औंल्याए ।

यसैगरी देवदह नगरपालिका-१, का वडाध्यक्ष दिपक नेपालले लागुऔषध दुर्व्यसनी न्यूनीकरणको लागि लायन्स क्लबसँग हातेमालो गरेर अगाडि बढ्न तयार रहेको बताउए ।

कार्यक्रममा लायन्स इन्टरनेशनल डिष्ट्रिकका युवा कोडिनेटर सुरेन्द्र घिमिरेलगायतले आ-आफ्ना भनाइ राखेका थिए । कार्यक्रममा देवदह प्रहरी चौकीका प्रहरी सहायक निरिक्षक ध्रुवकुमार कुवरले लागुऔषध दुर्व्यसनीको वारेमा केरवानी स्वास्थ्य चौकीका प्रमुख काशीराम रेग्मीले अटिमजको बारेमा जानकारी दिएका थिए ।

सरस्वती माध्यमिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लालमोहन यादवको स्वागत र लायन्स क्लब अफ देवदह यूनाइटेडका सचिव प्रविण गौडेलको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com